# कोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
लौकही, सुनसरी
१ न. प्रदेश, नेपाल

पत्र संख्या: ०७९/८०
चलानी नं १३३४

श्री समुदायिक विद्यालयहरु सबै,
कोशी गाउँपालिका ।

मितिः २०७९/११/१६

विषय :- विपन्न लक्षित छात्रवृत्तिका लागि फारम भर्ने भराउने सम्बन्धमा ।

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र (समावेशी शिक्षा शाखा), सानोठिमी भक्तपुरको च.नं. ४६ मिति २०७१/११/०८ को प्राप्त पत्रानुसार सामुदायिक विद्यालयका माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थीहरुलाई आ.व. २०८०/०८१ मा विपन्न लक्षित छात्रवृत्ति उपलब्ध गराउने प्रयोजनका लागि शैक्षिक सत्र २०७९ मा कक्षा ८ र १० मा अध्ययनरत विद्यार्थीहरुले तपसिल बमोजिम विपन्न लक्षित छात्रवृत्ति PMT (Proxy Means Testing) फारम भर्न तथा सम्बन्धित विद्यालयहरुले भराउन अनुरोध छ ।

**तपसिल:**

१. विद्यालयहरुले आफ्नो User र पासवर्ड प्रयोग गरी https://iemis.cehrd.gov.np बाट PMT Template डाउनलोड गर्ने र विद्यार्थीहरुलाई फारम उपलब्ध गराउने ।
२. विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड २०७८ को प्रकृया पुऱ्याई फारम भर्ने भराउने । उक्त Template मा Macro Enable गरी विद्यार्थीहरुले भरी विद्यालयमा पेश गरेको PMT Template अनुसारको विवरण अद्यावधिक गर्ने
३. विद्यार्थी विवरण अद्यावधिक गरिएका PMT Template लाई Iemis.cehrd.gov.np मा विद्यालयको User र पासवर्ड प्रयोग गरी उपलोड गर्ने ।
४. कक्षा ८ र १० दुबै कक्षा संचालन भएका विद्यालयले दुवै कक्षाको विद्यार्थीहरुको विवरण एउटै Template मा Update गर्ने।
५. PMT फारम २०७९ फागुन १० देखि चैत्र ९ गते भित्र विद्यार्थीहरुलाई भराउने र चैत्र मसान्त भित्र अपलोड गरिसक्नुपर्नेछ ।
६. निर्धारित म्याद भन्दापछि अपलोड भएका फारमहरु मान्य हुने छैनन् ।

२०७९/११/१६

बेदराज अधिकारी
शिक्षा शाखा प्रमुख

**बोधार्थ**
श्री सूचना तथा प्रविधि शाखा, फेसबुक पेज तथा वेवसाइटमा अपलोड गर्नुहुन ।